**पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण**

**कार्यान्वयनका लागि**

**.......................... गाउँपालिका/नगरपालिका**

**...................... जिल्ला**

**र**

**स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (संघीय कार्यालय)**

**वीच सम्पन्न**

# समझदारी–पत्र

मितिः २०७४ श्रावण .... गते

# पृष्ठभूमि

१. नेपाल सरकार र फिनल्याण्ड सरकार बीच वि.सं. २०७० भाद्र ३१ (तदनुसार सन् २०१३ सेप्टेम्बर १६) मा भएको पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरणको परियोजना सम्झौता एवं परियोजनाको सुपरिवेक्षण समितिबाट वि.सं २०७१ जेष्ठ २७ (तदनुसार सन् २०१४ जुन १०) मा स्वीकृत संशोधित परियोजना दस्तावेजको प्रावधानहरु र मिति २०७४ आषाढ २ गते (तदनुसार सन् २०१७ जुन १६) को परियोजना सुपरिवेक्षण समितिको निर्णयको बुँदा ६(घ) मा आधारित रहेर यो समझदारी-पत्र तयार गरिएको छ । यस समझदारी पत्रमा .................... गाउँपालिका/नगरपालिका (यसपछि गाउँपालिका/नगरपालिका भनिएको) र स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग ले हस्ताक्षर गरी पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (यसपछि परियोजना भनिएको) कार्यान्वयनका लागि सहमति गरिएको छ ।

२. परियोजना लागू भएका क्षेत्रका बासिन्दाहरुको लागि खानेपानी र सरसफाइमा समान पहूँच पुऱ्याउने, स्वास्थ्य तथा सामाजिक र आर्थिक अवस्थामा सुधार गर्ने उद्देश्यले वि.सं २०७० भाद्र ३१ गते (तदनुसार सन् २०१३ सेप्टेम्बर १६) मा नेपाल सरकार र फिनल्याण्ड सरकार बीच पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण (RWSSP-WN II) कार्यान्वयनको लागि सम्झौता सम्पन्न भएको हो । यो परियोजना संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय/स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (यसपछि विभाग भनिएको) को मातहतमा सञ्चालनमा रहेको छ ।

३. परियोजना खानेपानी, सरसफाइ तथा स्वच्छता (यसपछि वास भनिएको) क्षेत्रको विकास र कार्यान्वयनका लागि अर्घाखाँची, बागलुङ, गुल्मी, कपिलवस्तु, मुस्ताङ्ग, म्याग्दी, नवलपरासी, पाल्पा, पर्वत, प्युठान, रोल्पा, रुपन्देही, स्याङ्जा र तनहुँ गरि १४ वटा जिल्लामा सञ्चालनमा रहेको छ ।

४. परियोजना नेपाल सरकार (संघीय सरकार) को पहिलो प्राथमिकताको परियोजना भएकोले नेपाल सरकारले परियोजनाको कूल बार्षिक बजेटको ढाँचा तर्जुमा गर्दछ । गाउँपालिका/नगरपालिकामा सञ्चालन हुने परियोजनाको वास सम्बन्धित वार्षिक कार्यक्रममा नेपाल सरकार र फिनल्याण्ड सरकारतर्फको योगदान परियोजनाले निर्धारण गर्दछ भने स्थानीय तहमा गाउँपालिका/नगरपालिकाले वार्षिक योजना तर्जुमा गर्दछ ।

५. गाउँपालिका/नगरपालिका परियोजनाको अन्तिम आर्थिक वर्षको अन्त्यसंगै परियोजनाबाट हस्तान्तरण भएको आर्थिक तथा अन्य श्रोतहरुसँगै वास इकाई र वास कार्यक्रमहरुको निरन्तरता एवम् व्यवस्थापन गर्न सहमत छ ।

६. परियोजना दस्तावेज (जुन, २०१४) र परियोजना सुपरिवेक्षण समितिद्धारा यसमा भएका संशोधनहरु मान्य हुनेछन् । परियोजनाको लागू भइरहेका विद्यमान निर्देशिका तथा मार्गदर्शनहरु निरन्तर रुपमा लागू हुनेछन् । जिल्लासँग सम्बन्धित विषयवस्तुहरु गाउँपालिका/नगरपालिका तहमा समायोजन गरी निरन्तरता दिइनेछ ।

## गाउँपालिका/नगरपालिकाको भूमिका तथा जिम्मेवारी

### गाउँपालिका/नगरपालिका वास व्यवस्थापन समिति

७. गाउँपालिका/नगरपालिकाले यो समझदारीपत्रमा हस्ताक्षर गरेपछि गाउँपालिका/नगरपालिका अध्यक्षको अध्यक्षतामा गाउँपालिका/नगरपालिका वास व्यवस्थापन समिति (यसपछि वास व्यवस्थापन समिति भनिएको) गठन गर्नेछ ।

८. वास व्यवस्थापन समिति परियोजनाको सहयोगमा गाउँपालिका/नगरपालिका तहमा सञ्चालन हुने वास सम्बन्धी सम्पूर्ण क्रियाकलापहरुको योजना तर्जुमा, समन्वय, प्रशासन र व्यवस्थापन गर्नका लागि जिम्मेवार हुनेछ ।

९. परियोजना सम्बन्धी क्रियाकलापहरुको योजना तर्जुमा, प्रगति र समीक्षा गर्नका लागि प्रत्येक दुई महिनामा कम्तीमा एकपटक वास व्यवस्थापन समितिको बैठक बस्नेछ ।

१०. वास व्यवस्थापन समितिको गठन यसप्रकार हुनेछः

| | |
|---|---|
| *गाउँपालिका अध्यक्ष/नगरपालिका प्रमुख* | *अध्यक्ष*[१] |
| *गाउँपालिका उपाध्यक्ष/नगरपालिका उपप्रमुख* | *सदस्य* |
| *गाउँपालिका/नगरपालिका कार्यकारी अधिकृत* | *सदस्य*[१] |
| *गाउँपालिका/नगरपालिका सिभिल इन्जिनियर (स्थायी कर्मचारी)* | *सदस्य* |
| *गाउँपालिका/नगरपालिका वास संयोजक (वास इकाईको कर्मचारी)* | *सदस्य*[१] |
| *परियोजना प्रतिनिधि (वास सल्लाहकार/जिल्ला परियोजना अधिकृत/PCO/PSU)* | *सदस्य*[१] |
| *गाउँपालिका/नगरपालिका वास इकाई प्रमुख/वास सम्पर्क व्यक्ति (स्थायी कर्मचारी)* | *सदस्य-सचिव*[१] |

¹वास व्यवस्थापन समितिको बैठकमा अध्यक्ष, कार्यकारी अधिकृत, सदस्य सचिव र गाउँपालिका/नगरपालिका वास संयोजक वा परियोजना प्रतिनिधि मध्येबाट कम्तीमा चारजना अनिवार्य उपस्थित हुनुपर्नेछ वा माथि उल्लेख भएका मध्ये कुनै सदस्यलाई अधिकार प्रत्यायोजन गरेको हुनुपर्नेछ । गाउँपालिका/नगरपालिका तहका अन्य संस्था/शाखा (जस्तैः खानेपानी शाखा, स्वास्थ्य शाखा, शिक्षा शाखा, विद्युत/ऊर्जा शाखा आदि) का प्रतिनिधिहरुलाई वास व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

११. वास व्यवस्थापन समितिले वास कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनमा संशोधित निर्देशिका र मार्गदर्शनहरु पालना भएको सुनिश्चित गर्नेछ ।

## गाउँपालिका/नगरपालिका वास इकाई

१२. वास इकाईको प्रमुख जिम्मेवारी गाउँपालिका/नगरपालिका वास व्यवस्थापन समितिले गरेका सम्पूर्ण निर्णयहरुको कार्यान्वयन गर्नु रहेको छ । साथै गाउँपालिका/नगरपालिकामा सञ्चालन भएका अन्य वास सम्बन्धी क्रियाकलापहरुको कार्यान्वयनका लागि पनि वास इकाई जिम्मेवार रहने छ ।

१३. वास इकाईको नियमित कार्य सञ्चालनका लागि आवश्यक सुविधा सहितको कार्यकक्ष, सामाग्री, उपकरण र फर्निचर लगायतका सुविधाहरु गाउँपालिका/नगरपालिकाले उपलब्ध गराउनेछ ।

१४. गाउँपालिका/नगरपालिकामा रहेका स्थायी कर्मचारीमध्येबाट एकजना वास इकाई प्रमुख र/वा सम्पर्क व्यक्ति तोक्नेछ ।

१५. गाउँपालिका/नगरपालिकाले परियोजना सम्बन्धी क्रियाकलापहरु कार्यान्वयन गर्नका लागि सर्वप्रथम तल उल्लेख गरिएको मानव संसाधन परिचालन परिच्छेदमा उल्लेख भएअनुसारका कर्मचारीहरुलाई वास इकाईमा रहेर काम गर्ने गरि करारमा नियुक्त गर्नेछ ।

१६. परियोजनाको कार्य अवधि सम्पन्न पश्चात् पनि गाउँपालिका/नगरपालिका वास इकाई निरन्तर रुपमा रहनेछ । तसर्थ, परियोजना अवधि भित्र र अवधि पश्चात् पनि गाउँपालिका/नगरपालिका तहमा वास क्रियाकलापहरुको सफल तथा प्रभावकारी सञ्चालनका लागि नीति, प्रणाली र कार्यान्वयन ढाँचामा आवश्यक सुधारका लागि गाउँपालिका/नगरपालिकाले संघीय/प्रादेशिकस्तरमा पृष्ठपोषण प्रदान गर्नेछ ।

## मानव संसाधन परिचालन

१७. गाउँपालिका/नगरपालिकाले परियोजनाको सहयोगमा सञ्चालित वास कार्यक्रम सहजीकरण र कार्यान्वयनको लागि परियोजना योगदानको हिस्सा (अनुसूची २) अनुसार आंशिक रुपमा

परियोजनाले व्यहोर्ने गरि आवश्यक पूर्णकालीन कर्मचारी परियोजनाको मानव संसाधन परिचालन निर्देशिका, २०१७ अनुसार उपलब्ध गराउने छ। गाउँपालिका/नगरपालिकाले नियुक्त गर्नुपर्ने न्यूनतम र अधिकतम कर्मचारी संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ। बार्षिक कार्यक्रम तर्जुमा गर्दा उक्त बार्षिक कार्ययोजनाको सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारीहरुको मात्रै व्यवस्था गर्नुपर्नेछ ।

| पद | आवश्यक संख्या | | कैफियत |
|---|---|---|---|
| | पहाडी जिल्ला | तराइ जिल्ला | |
| गाउँपालिका/ नगरपालिका वास संयोजक | १ | १ | हाल जिल्ला वास इकाईमा कार्यरत कर्मचारीलाई जिल्ला व्यवस्थापन समितिले सिफारिस गरेअनुसार सर्वप्रथम यो पदमा अनिवार्य रुपमा कर्मचारी नियुक्त गर्नुपर्नेछ । |
| वास सहजकर्ता | १-३ | १-५ | यी कर्मचारीहरु एक अर्काको शैक्षिक पृष्ठभूमि परिपुरक हुने गरि नियुक्त गर्नुपर्नेछ, जस्तैः स्वास्थ्य प्रवर्धक/अगुवा वास सहजकर्ता, सामाजिक परिचालक । स्वच्छता तथा सरसफाइको क्रियाकलापको आधारमा वास सहजकर्ताको संख्या |
| खानेपानी तथा सरसफाई प्राविधिक र/वा सहायक सब इन्जिनियर | १-३ | ०-१ | खानेपानी तथा सरसफाई योजनाको आधारमा खानेपानी तथा सरसफाइ प्राविधिक र सहायक सब इन्जिनियरको संख्या निर्धारण हुनेछ । |

यो समझदारीपत्र हस्ताक्षर भएको पहिलो आर्थिक बर्षमा गाउँपालिका/नगरपालिकाले माथि उल्लेखित कर्मचारीको पदपूर्ति जिल्ला समन्वय समितिले सिफारिस गरेअनुसारको संख्या र दरबन्दी कायम हुनेगरी नियुक्त गर्नेछ । सिफारिस भएका उक्त कर्मचारीहरुको पद समायोजन गर्दा फिल्ड संयोजकलाई वास संयोजकको पदमा, अगुवा वास सहजकर्ता र स्वास्थ्य प्रबर्धकलाई वास सहजकर्ताको पदमा र खानेपानी तथा सरसफाइ प्राविधिक/सहायक सब ईन्जिनियरलाई सोही पदमा नियुक्त गरिने छ ।

१८. जिल्ला समन्वय समितिले परियोजना सञ्चालन भएका गाउँपालिका/नगरपालिकामा भएका परियोजना सम्बन्धी सम्पूर्ण क्रियाकलापहरुको समन्वय र अनुगमन गर्नेछ । जिल्ला समन्वय

समितिको मातहतमा रहने प्राविधिक सहयोग इकाईले (Technical Support Unit ) परियोजना सञ्चालन भएका जिल्लाभित्रका गाउँपालिका/नगरपालिकाहरुलाई प्राविधिक सहयोग प्रदान गर्नेछन् । उक्त सहयोग इकाईको सञ्चालन जिल्ला समन्वय समितिको सचिवको निर्देशनमा र वास सल्लाहकारको प्रत्यक्ष सुपरिवेक्षणमा हुनेछ । वास सल्लाहकार/परियोजना अधिकृत (वा तोकिएको परियोजना प्रतिनिधि) ले उक्त कार्यालयका कर्मचारीको परिचालन गाउँपालिका/नगरपालिकाका वास इकाईसँगको कार्ययोजना अनुसार गर्नेछन् ।

| पद | आवश्यक संख्या | |
|---|---|---|
| | पहाडी जिल्ला | तराई जिल्ला |
| वास इन्जिनियर | १ | ०-१ |
| वास सब-इन्जिनियर | १-२ | ०-२ |

१९. प्राविधिक सहयोग इकाईले परियोजना सञ्चालन भएका जिल्लाभित्रका गाउँपालिका/नगरपालिकामा निम्नलिखित प्राविधिक सहयोग गर्नेछः

*१. योजनाहरुको सर्भे, डिजाइन तथा ईष्टिमेट र मूल्यांकन तयार गरि स्वीकृतिका लागि सम्बन्धित गाउँपालिका/नगरपालिकामा पेश गर्नेछ ।*

*२. परियोजनाको सहयोगमा सञ्चालित योजनाहरुको निर्माण सामाग्री र संरचनाहरुको गुणस्तर सुनिश्चितताका लागि नियमित सुपरिवेक्षण तथा अनुगमन गर्नेछ ।*

*३. परियोजनाका क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन, गुणस्तर तथा दिगोपनाका लागि गाउँपालिका /नगरपालिका वास इकाईहरु र परियोजनासँग समन्वय गर्नेछ ।*

*४. परियोजना लागू भएका गाउँपालिका/नगरपालिकाको सूचना परियोजनाको व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएको सुनिश्चित गर्नेछ ।*

२०. गाउँपालिका/नगरपालिकाले यो समझदारीपत्रमा हस्ताक्षर भएको पहिलो बर्षमा संचालन भइरहेका क्रियाकलापहरु र क्रमागत योजनाहरुको निरन्तरता र सहज रुपमा सम्पन्न गर्ने सुनिश्चितताको लागि हालको जिल्ला वास इकाईमा कार्यरत सेवा प्रदायकहरुलाई जिल्ला व्यवस्थापन समितिले सिफारिस गरेअनुरुप गाउँपालिका/नगरपालिका वास इकाईमा करारमा नियुक्त गर्नेछ ।

२१. वास कार्यक्रम कार्यान्वयनका लागि वास व्यवस्थापन समितिले गाउँपालिका/नगरपालिकामा उपलब्ध अन्य कर्मचारीलाई पनि खटाउन सक्नेछ भने परियोजना कार्यान्वयनका लागि थप मानव

संशाधन आवश्यक भएमा निश्चित काम तथा निश्चित अवधिको लागि अल्पकालीन सेवा प्रदायकहरु नियुक्त गरी काममा लगाउन सक्नेछ ।

२२. गाउँपालिका/नगरपालिकाले परियोजनाको कार्यकाल सकिएपश्चात् पनि निरन्तर रुपमा वास इकाई सञ्चालन गर्ने उद्देश्यले उक्त कर्मचारीहरुलाई संस्थागत गर्न सक्नेछ ।

## योजना छनौट

२३. परियोजनाको प्रमुख लक्ष्य भनेको खानेपानी तथा सरसफाइ सुविधाबाट वञ्चितहरुलाई सेवा पुर्‍याउने र पहूँच नभएकाहरुलाई सेवामा सहज पहूँच पुर्‍याउनु रहेको छ । परियोजनाको सहयोगमा तयार पारिएका साविकका गाविस वास योजनाहरु योजना छनौटका लागि वैधानिक दस्तावेजका रुपमा रहेका छन । त्यस्तै, गाउँपालिका/नगरपालिका भित्र कार्यक्रम सञ्चालनका लागि वडाहरुको ( साविकको गाविस) पहिचान गर्न जिल्ला वास रणनैतिक योजना वैधानिक दस्तावेजका रुपमा रहेको छ ।

२४. वास व्यवस्थापन समितिले स्थानीय तहको नियमित योजना तर्जुमा प्रक्रिया र माथि उल्लेखित वास योजनामा प्राथमिकतामा परेको खानेपानी तथा सरसफाइ योजनाहरु मध्येबाट निम्न अनुसारको मापदण्डको आधारमा योजनाको छनौट गर्नेछः

- *पहिलो प्राथमिकताः पहिल्यै कुनैपनि बाह्य सहयोग प्राप्त नगरेका व्यवस्थित खानेपानी सेवाबाट वञ्चित समुदाय*
- *दोस्रो प्राथमिकताः संचालनमा नआएका र डिजाइन अवधि पुरा भएका योजनाहरु*

२५. वास व्यवस्थापन समितिले स्थानीय तहको नियमित योजना तर्जुमा प्रक्रिया र परियोजनाका निर्देशिका अनुरुप सार्वजनिक, संस्थागत र विद्यालय शौचालयहरु, पुनर्भरण संरचनाहरु, आकासेपानी संकलनका योजनाहरु र श्रोत संरक्षण जस्ता योजनाहरुको समेत छनौट गर्नेछ ।

२६. सम्पूर्ण खानेपानी तथा सरसफाइका योजनाहरुको अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गर्नुपर्नेछ । आर्थिक, प्राविधिक र सामाजिक रुपमा सम्भाव्य योजनाहरु तयारी चरणमा लगिनेछ भने यस्ता योजनाहरु सम्भाव्य नदेखिएमा पहिलो अनुगमनको समयमा समेत योजना रद्द गर्न सकिनेछ ।

## आर्थिक व्यवस्थापन र पारदर्शिता

२७. गाउँपालिका/नगरपालिकाले यो समझदारी पत्रमा हस्ताक्षर गरिसकेपछि गाउँपालिका/नगरपालिकाको नियमित सञ्चित कोष अन्तर्गत वास कोषको स्थापना (खर्च खाता)

गर्नेछ । वास कोषमा नेपाल सरकार, फिनल्याण्ड सरकार र स्वयं गाउँपालिका/नगरपालिकाको समेत योगदान रकम जम्मा हुनेछ ।

२८. गाउँपालिका/नगरपालिकाको समपूरक कोष (अनुसूची २) वार्षिक कार्य योजना अनुसार सोही आर्थिक वर्षमा निकासा र खर्च भएको हुनेछ ।

२९. योजनाको बजेट गाउँपालिका/नगरपालिका र उपभोक्ता समिति बीच परियोजनाको प्रतिनिधिको रोहवरमा सम्पन्न हुने छुट्टै योजना कार्यान्वयन सम्झौता बमोजिम गाउँपालिका/नगरपालिका वास कोषबाट सिधै उपभोक्ता समितिको खातामा निकासा हुनेछ । योजना चरणबद्ध कार्यविधि अनुसार सम्पन्न गरिने क्षमता विकासका क्रियाकलापहरुको खर्च योजनाको लागतमा समावेश गरिनेछ र सो को विस्तृत विवरण सम्झौतामा उल्लेख हुनेछ । परियोजनाको खरिद निर्देशिका बमोजिम उपभोक्ता समितिले योजनाका लागि आवश्यक सामाग्रीहरु खरिद गर्नेछ ।

३०. परियोजनाले दिएको बजेट सीमा (Budget Ceiling) अनुसार वास व्यवस्थापन समितिले विस्तृत बार्षिक कार्ययोजना तर्जुमा गर्नेछ र गाउँपालिका/नगरपालिका कार्यालयमा पेश गर्नेछ । उक्त स्वीकृत बार्षिक कार्ययोजनाको आधारमा गाउँपालिका/नगरपालिकाले बार्षिक वास बजेट तयार गर्नेछ ।

३१. वास व्यवस्थापन समिति सम्पूर्ण आर्थिक कारोबारको पारदर्शिता कायम गर्नका लागि जिम्मेवार रहनेछ । वास कोषबाट हुने सम्पूर्ण खर्च परियोजनाको निर्देशिकामा व्यवस्था भए बमोजिम हुनेछ । सम्पूर्ण आम्दानी र खर्चको विवरण उपभोक्ताहरुको सहभागितामा परियोजना निर्देशिकामा उल्लेख भएबमोजिम सार्वजनिक परीक्षण हुनेछ ।

३२. गाउँपालिका/नगरपालिकाले वासकोषसँग सम्बन्धित सम्पूर्ण खर्चको विवरण र आर्थिक प्रतिवेदन तोकिएको ढाँचामा मासिक, चौमासिक, बार्षिक रुपमा परियोजनालाई उपलब्ध गराउनेछ । उक्त प्रतिवेदनमा नेपाल सरकार, फिनल्याण्ड सरकार, गाउँपालिका/नगरपालिका र उपभोक्ताको योगदान समेत देखिएको हुनुपर्नेछ ।

३३. परियोजनाले तोकेको अधिकार प्राप्त प्रतिनिधिले गाउँपालिका/नगरपालिका वास कोषको लेखा र आर्थिक कारोबारको विवरणको नियमित अनुगमन गर्नेछ । उक्त अनुगमनको प्रतिवेदन सोही समयमा नै तयार गरी दुवै तर्फबाट हस्ताक्षर गरि एक/एक प्रति सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ ।

३४. आर्थिक बर्षको लागि छुट्टयाइएको बजेट दोस्रो चौमासिकको अन्त्यसम्मको कार्य सम्पादनको आधारमा संसोधन गर्न सकिनेछ । बजेट खर्च हुन नसक्ने देखिएमा बाँकी रहने बजेट परियोजना लागू भएका अन्य कुनैपनि गाउँपालिका/नगरपालिकामा रकमान्तर गर्न सकिनेछ । कार्य सम्पादन मूल्यांकनसँग सम्बन्धित सूचकहरु अनुसूची १ मा उल्लेख गरिएको छ ।

३५. गाउँपालिका/नगरपालिकाले फिनल्याण्ड सरकार तर्फको रकम परियोजनाले तोकेको ढाँचामा माग गर्नेछ । आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभएको बजेट (फ्रीज नहुने भएकोले) सम्बन्धित गाउँपालिका/नगरपालिकाको खातामै रहनेछ जुन स्वतः आगामी आर्थिक बर्षको बजेटमा समावेश हुनेछ र परियोजनाका क्रियाकलापमा प्रयोग हुनेछ ।

३६. नेपाल सरकार तर्फको योगदान नेपाल सरकारको प्रचलित नियमानुसार निकासा हुनेछ ।

## अनुगमन, मूल्यांकन र प्रतिवेदन

३७. गाउँपालिका/नगरपालिका अनुगमन समितिले बर्षको कम्तीमा एकपटक गाउँपालिका/नगरपालिका स्तरमा परियोजनाका क्रियाकलापहरुको संयुक्त अनुगमन गर्नेछ । उक्त अनुगमन समितिमा गाउँपालिका/नगरपालिका, परियोजना प्रतिनिधि र स्थानीय वास सरोकारवालाहरु हुनेछन् । अनुगमन समितिले अनुगमन प्रतिवेदन तोकिएको ढाँचामा गाउँपालिका/नगरपालिका (वास व्यवस्थापन समिति, वास इकाई) र परियोजना समक्ष पेश गर्नेछ ।

३८. परियोजनाको निर्देशिका र अनुगमन पुस्तिका अनुसार परियोजनाका सम्पूर्ण क्रियाकलापहरुको नियमित रुपमा अनुगमन हुनेछ । उक्त अनुगमन टोलीमा गाउँपालिका/नगरपालिका र परियोजनाको प्रतिनिधिहरु समावेश हुनेछन् । सार्वजनिक निर्माणका योजनाहरुको अनुगमनको हकमा गाउँपालिका/नगरपालिकाको वा कुनै एकजना इन्जिनियर/सब इन्जिनियर अनिवार्य रुपमा टोलीमा हुनुपर्नेछ । उक्त टोलीले अनुगमन प्रतिवेदन गाउँपालिका/नगरपालिका वास इकाई र वास व्यवस्थापन समिति समक्ष पेश गर्नेछ ।

३९. परियोजनाको सहयोगमा सञ्चालित क्रियाकलापहरुको अनुगमनका लागि परियोजनाले जुनसुकैबेला जो कसैलाई पनि तोक्न सक्नेछ ।

४०. वास व्यवस्थापन समितिले :

- परियोजनाका संशोधित निर्देशिका बमोजिम सम्पूर्ण क्रियाकलापहरुको सम्बन्धित स्थल, योजनास्तर, वडास्तर र गाउँपालिका/नगरपालिकास्तरका क्रियाकलापहरुको अनुगमन भएको सुनिश्चित गर्नेछ,
- आर्थिक बर्षको लागि तयार पारिएको वार्षिक कार्ययोजना अनुरुप समयमा नै कार्य सम्पन्न भएको सुनिश्चित गर्नका लागि वास इकाईमा प्रभावकारी सुपरिवेक्षण तथा अनुगमन संयन्त्रको व्यवस्था गर्नेछ ।

४१. गाउँपालिका/नगरपालिकाले:

- गाउँपालिका/नगरपालिका वास इकाईका पूर्णकालीन र अल्पकालीन कर्मचारी साथै व्यक्तिगत सेवा प्रदायकहरुसँग कार्य सम्पादनमा आधारित करार सम्झौता गर्नेछ,
- तोकिएको ढाँचामा परियोजना सहयोग इकाई (PSU), परियोजना समन्वय कार्यालय (PCO), प्रादेशिक इकाई र अन्य सम्बन्धित कार्यालयमा मासिक, चौमासिक र बार्षिक रुपमा प्रतिवेदन उपलब्ध गराउनेछ,
- परियोजनाले उपलब्ध गराउने गाउँपालिका/नगरपालिका वास व्यवस्थापन सूचना प्रणाली सफ्टवेयरमा गाउँपालिका/नगरपालिका वास इकाईले नियमित रुपमा सूचना अद्यावधिक गरेको सुनिश्चित गर्नेछ,
- समयमै तथ्यांक संकलन र व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएको सुनिश्चित गर्नका लागि जिम्मेवार व्यक्ति तोक्नेछ,
- संकलन गरिएको र अद्यावधिक गरिएका सम्पूर्ण तथ्यांकहरुको कागजातहरु फाइलिङ्ग गर्ने र सूचनाको अधिकार अनुसार आवश्यक र ईच्छुक व्यक्तिलाई सूचना प्रदान गर्ने ।

## परियोजनाको भूमिका र जिम्मेवारी

## परियोजना समन्वय कार्यालय र परियोजना सहयोग इकाईको भूमिका

४२. परियोजनाले गाउँपालिका/नगरपालिका वास इकाईलाई गाउँपालिका/नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्यक्रमको विकास, समन्वय र कार्यान्वयनमा आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नेछ ।

४३. परियोजना अन्तर्गत दुई वटा शाखा छन् : (क) स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागद्वारा स्थापित राष्ट्रिय परियोजना संयोजकको नेतृत्वमा रहेको **परियोजना समन्वय कार्यालय (Project Coordination Office)** । यो कार्यालय परियोजनाको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नेपाल सरकार तथा सम्बन्धित प्रादेशिक निकायमा परियोजनाको प्रतिवेदनका लागि जिम्मेवार छ। (ख) फिनल्याण्ड सरकारका तर्फबाट अन्तर्राष्ट्रिय परामर्शदाताद्वारा स्थापित प्रमुख प्राविधिक सल्लाहकारको नेतृत्वमा रहेको **परियोजना सहयोग इकाई (Project Support Unit)** जसले खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक समन्वय, सुपरिवेक्षण, अनुगमन तथा क्षमता विकासमा गाउँपालिका/नगरपालिकालाइ सहयोग उपलब्ध गराउनेछ भने परियोजनाको तर्फबाट फिनल्याण्ड सरकारलाइ प्रतिवेदन पेश गर्दछ।

४४. परियोजना समन्वय कार्यालय परियोजनाको सहयोगमा गाउँपालिका/नगरपालिकामा सञ्चालित वास क्रियाकलापहरुको भौतिक तथा आर्थिक अनुगमन र प्रतिवेदनका लागि जिम्मेवार हुनेछ । परियोजना समन्वय कार्यालयको प्रमुख जिम्मेवारी गाउँपालिका/नगरपालिका वास कोषमा नेपाल सरकारतर्फको योगदान समयमै निकासा भएको र निकासा भईसकेपछि खर्च भएको रकमको समयमै प्रतिवेदन प्राप्त भएको सुनिश्चित गर्नेछ । नेपाल सरकारको अगुवाइमा परियोजना सञ्चालन र सहजीकरण भएको सुनिश्चितताका लागि गाउँपालिका/नगरपालिकामा परियोजना कार्यान्वयनसंग सम्बन्धित सम्पूर्ण विषयमा आवश्यक समन्वय र सञ्चार गर्नु पनि परियोजना समन्वय कार्यालयको जिम्मेवारी रहेको छ। नेपाल सरकारको प्रचलित कानुन, नीति र नियम बमोजिम बार्षिक योजनाहरु तथा मासिक, चौमासिक, अर्धबार्षिक र बार्षिक प्रगति प्रतिवेदन संकलन तथा सम्बन्धित कार्यालयमा पेश गर्न पनि परियोजना समन्वय कार्यालय जिम्मेवार हुनेछ।

४५. परियोजना सहयोग इकाईले गाउँपालिका/नगरपालिका र परियोजनाको नियमित समन्वय गर्नका लागि वास सल्लाहकार तोक्नेछ । वास सल्लाहकारले आवश्यकता अनुसार परियोजना सहयोग इकाईका विज्ञ र परियोजना समन्वय कार्यालयको सहयोगमा प्राविधिक सहयोग इकाईको सुपरिवेक्षण गर्नेछ । वास सल्लाहकारले एकभन्दा बढी जिल्लाका गाउँपालिका/नगरपालिकालाई सहयोग गर्न सक्नेछ । गाउँपालिका/नगरपालिकाले तोकिएको ढाँचामा माग गरेको फिनल्याण्ड सरकारतर्फबाट प्राप्त हुने रकमको खाता सञ्चालन गर्ने र गाउँपालिका/नगरपालिका वास कोषमा रकम निकासा गर्नेछ।

परियोजना समन्वय कार्यालय र परियोजना सहयोग इकाईले संयुक्त रुपमाः

- परियोजना समन्वय कार्यालय र परियोजना सहयोग इकाईले गाउँपालिका/नगरपालिकाबाट प्राप्त हुने मासिक, चौमासिक, अर्धबार्षिक र बार्षिक प्रगति प्रतिवेदनहरु संकलन गर्ने, रुजु गर्ने र नेपाल सरकार तथा फिनल्याण्ड सरकारलाइ पेश गर्दछन् यस संदर्भमा आवश्यक परेको खण्डमा गाउँपालिका/नगरपालिकाका कर्मचारीहरुलाई सहयोग तथा क्षमता विकास गर्दछन् । गाउँपालिका/नगरपालिका वास इकाईको कर्मचारी भर्ना, छनौट तथा व्यवस्थापनका सम्बन्धमा गुणस्तरता र एकरुपता कायम गर्नका लागि परियोजना समन्वय कार्यालय र परियोजना सहयोग इकाईले निर्देशन गर्न सक्नेछ ।
- सामान्यतया, गाउँपालिका/नगरपालिकामा सञ्चालित वास कार्यक्रम र विशेष गरि परियोजनाको सहयोगमा सञ्चालित खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी क्रियाकलापहरुको योजना तर्जुमा, बजेट, कार्यान्वयन, अनुगमन र प्रतिवेदनका लागि गाउँपालिका/नगरपालिका वास इकाईसंग समन्वय गर्दछ ।
- प्राथमिकतामा परेका कार्यहरु र अन्य सम्बन्धित क्रियाकलापहरु तथा अनुगमनहरु परियोजनाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र मानव अधिकारमा आधारित दृष्टिकोण, परियोजनाको नीति नियम र निर्देशिकाबमोजिम तथा सम्भव भएसम्म जिल्ला रणनैतिक वास योजना र गाविस वास योजना अनुरुप भएको सुनिश्चित गर्नेछ ।
- पूर्ण सरसफाइ र खानेपानी सुरक्षा योजना++ लागू भएका पूर्ण रुपमा सञ्चालित खानेपानी तथा सरसफाइ योजनाहरुको लक्ष्य पूर्तिका लागि गाउँपालिका/नगरपालिका वास इकाईसंगको सहकार्यमा निर्माण पश्चात्का खानेपानी तथा सरसफाइ योजनाहरु र खुल्ला दिसामुक्त पश्चात्को अवस्थालाइ दिगोपना र सुचारु हुने गरि योजना तर्जुमा गर्नेछ ।
- गाउँपालिका/नगरपालिका वास इकाईसँग क्षमता विकासका क्रियाकलापहरु सञ्चालनका लागि समन्वय, अनुगमन र आवश्यक सहयोग गर्ने तथा गाउँपालिका/नगरपालिका वास इकाईको क्षमता विकासको लागि आवश्यकताको लेखाजोखा र विषयवस्तु निरन्तर विकासका लागि सहयोग प्रदान गर्दछ ।
- गाउँपालिका/नगरपालिका वास इकाईका कर्मचारीहरुलाई जलवायू परिवर्तन अनुकूलन र प्रकोप जोखिम न्यूनीकरण जस्ता क्रियाकलापहरुमा क्षमता विकास गर्ने र वास इकाईको

कार्ययोजनामा यस्ता क्रियाकलापहरु समावेश गराई खानेपानी प्रणालीको बहुउपयोगबाट हुने फाइदालाई ध्यानमा राखी लागू गर्नका लागि सहयोग गर्नेछ ।

– परियोजना सम्बन्धी सम्पूर्ण आर्थिक र भौतिक प्रगतिको अनुगमन गर्ने, गाउँपालिका/नगरपालिकास्तर र योजनास्तरमा हुने नियमित अनुगमनहरुमा सहभागी हुने र गाउँपालिका/नगरपालिकाको वास व्यवस्थापन सूचना प्रणाली अद्यावधिक भएको सुनिश्चित गर्नेछ ।

– गाउँपालिका/नगरपालिकाका वास इकाईमा वास सम्बन्धी प्राविधिक ज्ञान-सीप र अनुभवहरुको व्यवस्थापन प्रणाली स्थापना, विकास र निरन्तरताका लागि प्रोत्साहन गर्नेछ । योजना सम्बन्धित दस्तावेजहरु (सम्झौता पत्र, डिजाईन स्टिमेट इत्यादी) गाउँपालिका/नगरपालिका वास इकाई, उपभोक्ता र परियोजना सहयोग इकाईमा एक-एक प्रति उपलब्ध भएको हुनेछ ।

## संघीय कार्यालयको भूमिका तथा जिम्मेवारी [१]

४६. स्थानीय तह तथा निकायहरूलाई आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सम्पूर्ण सहयोगहरू उपलब्ध गराउनुका साथसाथै सम्पूर्ण पूर्वाधार विकासका क्रियाकलापहरूको समन्वय गर्न संघीय निकाय जिम्मेवार हुनेछ ।

४७. संघीय निकायले गाउँपालिका/नगरपालिकालाई प्रादेशिक सरकारी निकाय हरूसँग सम्बन्ध स्थापना गर्न मध्यस्थता गर्नेछ, यसका साथै गाउँपालिका/नगरपालिकाहरु एवं परियोजनालाई विभिन्न सरकारी नीति, नियम तथा नियमावलिहरु उपलब्ध गराउनेछ ।

४८. संघीय निकायले संघीयस्तरमा रहेर परियोजनाको योजना तर्जुमा, बजेट विनियोजन, प्रगति समीक्षा र अनुगमनकार्यप्रति उत्तरदायी हुनेगरी एकजना राष्ट्रिय परियोजना निर्देशकको व्यवस्था गर्नेछ ।

४९. संघीय निकायले परियोजना समन्वय कार्यालयमा रहनेगरि परियोजनाको दैनिक कार्यहरु र वास कार्यक्रम कार्यान्वयनमा गाउँपालिका/नगरपालिकालाई प्रभावकारी सहयोग उपलब्ध गराउन

[१] *संघीय कार्यालय स्थापना नहुँदासम्मको लागि, तल बुँदा ५४ देखि ५८ सम्म व्याख्या गरिएका भूमिका र जिम्मेवारी स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DoLIDAR) को हुनेछ ।*

परियोजना व्यवस्थापन कार्यदलको सह-अध्यक्षको रुपमा समेत रहने गरी एकजना राष्ट्रिय परियोजना संयोजकको व्यवस्था गर्नेछ ।

५०. केन्द्रीयस्तरमा समन्वय तथा प्रतिवेदनको लागि संघीय निकाय सम्पर्क शाखाको रुपमा रहनेछ ।

## दिगो विकास लक्ष्यप्रति प्रतिबद्धता

५१. यो समझदारी पत्रमा हस्ताक्षर गरेर विशेष गरि तल उल्लेखित दिगो विकासका लक्ष्य तर्फ निरन्तर रुपमा अग्रसरताका लागि दुबै पक्ष प्रतिबद्ध छन ।

५२. दिगो विकास लक्ष्य नं ६ प्रति प्रतिबद्धताः

- सबैको खर्चले धान्न सक्ने लागतमा सबैको लागि समतामूलक रूपमा सुरक्षित खानेपानी पुऱ्याउने,
- सबैका लागि पर्याप्त सरसफाइ र स्वच्छतामा समतामुलक पहूँच हासिल गर्ने र खुलादिसा गर्ने अभ्यासको अन्त्य गर्ने । यस क्रममा, महिला, बालिका, किशोरी तथा अन्य संकटग्रस्त अवस्थामा रहेकाहरुको आवश्यकतालाई विशेष ध्यान दिने,
- प्रदुषण कम गरेर, जतातते फोहोर फ्याँक्ने प्रवृत्ति हटाएर, खतरनाक रसायन एवम् अन्य सामग्रीको उत्पादनमा न्यूनीकरण गरेर पानीको गुणस्तर सुधार गर्ने र गाउँपालिका/नगरपालिका वास इकाईमा पानी गुणस्तर परीक्षण सुविधा स्थापना गर्ने ।

५३. दिगो विकास लक्ष्य नं ५ प्रति प्रतिबद्धताः

- सबै महिला, बालिका, भिन्न क्षमता भएका र अन्य पिछडिएका वर्गहरुविरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य गर्ने,
- सार्वजनिक र निजी क्षेत्रमा महिला, बालिका र किशोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने,
- दलित तथा महिनावारीको समयमा धाराको पानी प्रयोग गर्न नदिने वा छुट्टै प्रयोग गर्नुपर्ने जस्ता विभेदजन्य अभ्यासहरुको अन्त्य गर्ने,
- सबै निर्णायक तहमा महिला तथा पिछडिएका वर्गहरुको पूर्ण प्रभावकारी नेतृत्व, सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने ।

५४. दिगो विकास लक्ष्य नं १० प्रति प्रतिबद्धताः

- जुनसुकै उमेर, लिंग, भिन्न क्षमता भएका, वर्ण, जाति, क्षेत्र, धर्म, आर्थिक वा अन्य जुनसुकै स्थिति भएपनि सबैको सामाजिक, आर्थिक र राजनीतिक समावेशीकरणको प्रवर्धन र सशक्तिकरण गर्ने ।

## समन्वय र सहयोग

५५. समन्वयात्मक र एकीकृत खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्यक्रमको विकास र कार्यान्वयन यस क्षेत्रमा संलग्न सम्पूर्ण सरोकारवाला तथा निकायहरूको संयुक्त प्रयासबाट मात्र सम्भव छ भन्ने कुरामा सबैको सर्वसम्मति छ । यी सम्पूर्ण सरोकारवालाहरू र निकायहरूलाई जिल्ला वास समन्वय समिति, गाउँपालिका/नगरपालिका वास समन्वय समिति र वडास्तरीय वास समन्वय समिति (साविकका गाविस वा नगरपालिका वास समन्वय समिति) को एउटै छातामुनि ल्याउन अति नै महत्वपूर्ण रहेको छ । यिनीहरुको कार्यविवरण र गठन विधि नेपालको सरसफाइ गुरुयोजना, २०६८ मा उल्लेख भए अनुसार हुनेछ ।

## विविध

५६. यो समझदारी पत्र सन् २०१९ जुलाई १५ सम्म मान्य रहनेछ ।

५७. परियोजनाको व्यवस्थापन सूचना प्रणालीमा सूचना अद्यावधिक हुने बित्तिकै गाउँपालिका/नगरपालिका वास इकाईको कार्य सम्पादन प्रतिबिम्बित हुनेछ । बार्षिक रुपमा गाउँपालिका/नगरपालिकाको विस्तृत कार्य सम्पादन अनुगमन वास कोष अनुगमनको समयमा गरिनेछ । यस्तो सहभागितात्मक अनुगमन परियोजनाको प्रतिनिधि र वास व्यवस्थापन समितिले तोकेको प्रतिनिधिको संयुक्त टोलीले गर्नेछ ।

५८. गाउँपालिका/नगरपालिकामा सञ्चालित क्रियाकलापहरु निर्धारित गुणस्तर, स्वीकृत कार्ययोजना एवं यस समझदारी पत्र बमोजिम भएको नपाइएमा गाउँपालिका/नगरपालिकाको कोष रोक्का गर्ने, वार्षिक बजेट कटौती गर्ने तथा सम्झौता रद्ध समेत गर्न सक्ने अधिकार परियोजनामा रहनेछ ।

५९. अन्य मुख्य सरोकारवालाहरुको भूमिका र जिम्मेवारी परियोजनाको निर्देशिकामा उल्लेख गरिएको छ ।

६०. यदि परियोजना अवधिभित्र नेपाल सरकारको कुनैपनि संस्थागत संरचना परिवर्तन भएमा यस समझदारी पत्रमा उल्लेख भएका सम्पूर्ण जिम्मेवारीहरु स्वत: नयाँ कायम भएको संरचनामा जानेछ ।

६१. यो समझदारी पत्रमा उल्लेखित कुनै बुँदालाई थप स्पष्ट पार्न, थपघट तथा संशोधन गर्न आवश्यक भएमा दुवै पक्षको आपसी सहमतिमा गर्न सकिनेछ । यदी कुनै असमझदारी वा विवाद उत्पन्न भई नीतिगत तहवाट निर्णय गर्नु परेमा परियोजनाको सुपरिवेक्षण समितिबाट निर्णय गरी समाधान गरिनेछ र यसका लागि सुपरिवेक्षण समितिको निर्णय नै अन्तिम हुनेछ ।

मितिः वि.सं. २०७४/०४/........

(तदनुसार ई.सं २०१७/......./......)

स्थान : ..........................................

## हस्ताक्षर

| **गाउँपालिका/नगरपालिकाको तर्फबाट** | **विभागको तर्फबाट** |
| --- | --- |
| हस्ताक्षरः ................................................ | हस्ताक्षरः ................................................ |
| नाम : ..................................................... | नाम : जीवन कुमार श्रेष्ठ |
| पद : प्रमुख | पद : महानिर्देशक |
| कार्यालयको छापः | कार्यालयको छापः |

## रोहबरमा,

**पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, दोस्रो चरण** (RWSSP-WN II) **को तर्फबाट**

| | |
| --- | --- |
| हस्ताक्षरः ................................................ | हस्ताक्षरः ................................................ |
| नाम : सान्ना-लीना राउतानेन | नाम : महेन्द्र बहादुर बानियाँ |
| पद : प्रमुख प्राविधिक सल्लाहकार | पद : राष्ट्रिय परियोजना संयोजक |
| कार्यालयको छापः | कार्यालयको छापः |

| **जिल्ला समन्वय समितिको तर्फबाट** | **गाउँपालिका/नगरपालिकाको तर्फबाट** |
| --- | --- |
| हस्ताक्षरः .............................. | हस्ताक्षरः .............................. |
| नामः ................................... | नामः ................................... |
| पदः ..................................... | पदः ..................................... |
| कार्यालयको छापः | कार्यालयको छापः |

## अनुसूची १: कार्यक्रम गाउँपालिका/नगरपालिकाको वार्षिक मुल्याङ्कनको लागि गरिने संयुक्त अनुगमनमा समावेश गरिने सूचकहरु

| | सूचक | लक्ष्य | प्रमाणीकरणको श्रोत | न्यूनतम आवश्यक नतिजा |
|---|---|---|---|---|
| १ | नतिजा १: खुला दिसामुक्त घोषणाबाट लाभान्वित घरधुरी संख्या (पाँचौ आर्थिक वर्षको लागि) | कार्ययोजना अनुसार | व्यवस्थापन सूचना प्रणाली | लक्ष्यको ९० प्रतिशत |
| २ | नतिजा १: पूर्ण सरसफाइबाट लाभान्वित घरधुरी संख्या (पाँचौ आर्थिक वर्षको लागि) | कार्ययोजना अनुसार | व्यवस्थापन सूचना प्रणाली | लक्ष्यको ९० प्रतिशत |
| ३ | नतिजा १: संस्थागत सरसफाइका लागि निर्माण भएका हातधुने सुविधा सहितका सार्वजनिक/संस्थागत/विद्यालय शौचालय (पाँचौ आर्थिक वर्षको लागि) | कार्ययोजना अनुसार | व्यवस्थापन सूचना प्रणाली | लक्ष्यको ९० प्रतिशत |
| ४ | नतिजा २: व्यवस्थित खानेपानी सुविधाबाट लाभान्वित घरधुरी संख्या (पाँचौ आर्थिक वर्षको लागि) | कार्ययोजना अनुसार | व्यवस्थापन सूचना प्रणाली | लक्ष्यको ९० प्रतिशत |
| ५ | नतिजा २: पानी सुरक्षा योजना++ तालिम प्राप्त गर्ने योजना संख्या (पाँचौ आर्थिक वर्षको लागि) | कार्ययोजना अनुसार | व्यवस्थापन सूचना प्रणाली | लक्ष्यको ९० प्रतिशत |
| ६ | आर्थिक प्रगति (बार्षिक कूल बजेट) | कार्ययोजना अनुसार | मासिक खर्चको फाँटवारी | लक्ष्यको ९० प्रतिशत |
| ७ | गाउँपालिका/नगरपालिका समपूरक कोषको उपयोग | कार्ययोजना अनुसार | मासिक खर्चको फाँटवारी | लक्ष्यको ९० प्रतिशत |

पुनश्चः गाउँपालिका/नगरपालिकाले व्यवस्थापन सूचना प्रणाली मासिक, चौमासिक, अर्ध-बार्षिक र बार्षिक रुपमा अद्यावधिक गरेको हुनेछ ।

## अनुसूची २: कार्यक्रम गाउँपालिका/नगरपालिकामा संचालन हुने विभिन्न योजनाहरुमा साझेदारहरुको योगदान (प्रतिशतमा)

| क.सं | योजना तथा कार्यक्रम शीर्षक | परियोजना (नेपाल र फिनल्याण्ड सरकार) | गाउँपालिका/ नगरपालिका | उपभोक्ता | |
|---|---|---|---|---|---|
| | | | | नगद | श्रमदान |
| १ | सार्वजनिक निर्माण (२९६११) | | | | |
| १.१ | ग्राभिटी खानेपानी तथा सरसफाइ योजना | ६२ | १० | १ | २७ |
| १.२ | लिफ्ट/ओभरहेड/तराईमा ह्याण्ड पम्प खानेपानी तथा सरसफाइ योजना | ७२ | १० | १ | १७ |
| १.३ | आकासेपानी संकलन योजना | ७५ | १० | १ | १४ |
| १.४ | पुनर्भरण संरचना | ४० | १० | ५० | |
| १.५ | कुवा संरक्षण/ श्रोत सुधार | ५४ | १० | १ | ३५ |
| १.६ | सार्वजनिक शौचालय | ५०-७० | ३०-५० | | |
| १.७ | विद्यालयगत/संस्थागत शौचालय | ६९ | १० | १ | २० |
| २ | सेवा तथा परामर्श (बजेट शीर्षक २२४११) | ९७ | ३ | | |
| ३ | क्षमता विकास (बजेट शीर्षक २२५१२) | ९७ | ३ | | |
| ४ | कार्यक्रम खर्च (सरसफाइ तथा स्वच्छता बजेट शीर्षक २२५२२) | ९६.५ | ३.५ | | |

***पुनश्चः परियोजनाको अन्त्यसम्ममा साझेदारहरुको योगदानको हिस्सा परियोजना दस्तावेजमा उल्लेख भएअनुसार हुनेछ ।***